स्थानीय राजपत्र

लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

खण्ड:८) लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत, पौष ४ गते, २०८१ साल संख्या: ७

भाग - २

लेकवेशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालयको

सूचना

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको नगर कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

<u>लेकवेशी नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८१</u>

स्वीकृत मिति: २०८१/०९/०४

प्रमाणिकरण मिति: २०८१/०९/०४

प्रस्तावना:

लेकवेशी नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी आदि प्राकृतिक एंव खानीजन्य वस्तु निकासी तथा बिक्री, संकलन हुने शुल्क, दस्तुर तथा सम्पत्ति भाडामा लगाउने सम्बन्धमा स्पष्टता ल्याई आन्तरिक आय संकलनको लागि ठेक्का लगाउने सम्बन्धि कार्यविधिलाई पारदर्शी, सरल तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले लेकवेशी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा २१ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि लागु गरेको छ ।

परिच्छेद - १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा:-

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) **"कार्यविधि"** भन्नाले **आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८१** सम्झनु पर्दछ ।

(ग) **"सम्पति"** भन्नाले नगरपालिकाको स्वामित्वमा रहेको वा लिजमा लिएको वा उपभोग गर्ने अधिकार प्राप्त भएको वा भोगचलनमा रहेको भवन, जग्गा, पोखरी, ताल, पार्क स्थल लगायतका भौतिक तथा अन्य सम्पति सम्झनु पर्दछ ।

(घ) **"खानीजन्य र नदीजन्य पदार्थ"** भन्नाले सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी आदि

प्राकृतिक एंव खानीजन्य वस्तुलाई सम्झनु पर्छ ।

(ङ) **"सम्पति परिचालन"** भन्नाले नगरपालिकाको स्वामित्वमा रहेका वा भोगचलनमा रहेका भवन, जग्गा, पोखरी, ताल पार्क स्थल लगायतका भौतिक तथा अन्य सम्पतिबाट आय आर्जन वा सम्पति परिचालन वा उपभोगमा ल्याउने कार्य सम्झनुपर्दछ ।

(च) **"आन्तरिक आय"** भन्नाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोवार, क्षेत्रगत एवं व्यापारिक महत्व र स्रोत साधन आदिका आधारमा प्रत्येक वर्षको आर्थिक ऐनमा तोकिएको दर बमोजिम ठेक्का, अमानत वा अन्य कुनै तरिकाबाट असूल गर्ने कर, दस्तुर, सेवा शुल्क, बिक्री, जरिवाना आदि आयलाई सम्झनुपर्दछ ।

(छ) **"उपशाखा"** भन्नाले लेकवेशी नगरपालिकाको राजश्व उपशाखालाई सम्झनुपर्दछ ।

(ज) **"बोलपत्र"** भन्नाले नगरपालिकाले आय ठेक्काको लागि प्रकाशन गरेको सूचना अनुरुप तोकिएको ढाँचामा बोलपत्रदाताले पेश गरेको मूल्य समेत खुल्ने गरि तयार भएको कागजात वा प्रस्तावलाई सम्झनुपर्छ ।

(झ) **"प्रस्ताव सम्बन्धि कागजात"** भन्नाले बोलपत्रदाताले मूल्य भरी पेश गर्नका लागि तयार गरिएको लिखतलाई सम्झनुपर्छ ।

(ञ) **"आय ठेक्का"** भन्नाले नगरपालिकाले आन्तरिक आय संकलन तथा व्यवस्थापनका लागि बन्दोबस्त गर्ने ठेक्कालाई सम्झनु पर्छ ।

(ट) **"ठेक्का व्यवसायी"** भन्नाले नगरपालिकाले तोकिएको आर्थिक वर्षको लागि आय संकलन गर्न कबुलियत गराई पट्टा वा चलन पूर्जी दिएको व्यक्ति वा संस्था वा कम्पनीलाई सम्झनु पर्छ ।

(ठ) **"कार्यपालिका"** भन्नाले लेकवेशी नगरपालिकाको नगर कार्यपालिका

सम्झनु पर्दछ ।

(ड) **"नगरपालिका"** भन्नाले लेकवेशी नगरपालिका सम्झनु पर्दछ ।

(ढ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले लेकवेशी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ण) **"आय ठेक्का सम्झौता"** भन्नाले दफा १८ बमोजिमको आय ठेक्का सम्झौता सम्झनु पर्दछ ।

(त) **"धरौटी रकम"** भन्नाले आय ठेक्काको लागि दफा १७ बमोजिम प्रस्तावकले राख्ने जमानत सम्झनु पर्दछ ।

परिच्छेद - २

आय ठेक्का लगाउने सम्बन्धी व्यवस्था

३. **आय ठेक्का लगाउने:** (१) प्रत्येक आर्थिक बर्षको लागि नगरपालिकाबाट जारी हुने आर्थिक ऐनको अधिनमा रही आफ्नो भोग, चलन एवम् स्वामित्वमा रहेको सम्पत्तिबाट आय संकलन गर्न नगरपालिकाले ठेक्का बन्दोबस्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आय ठेक्का कम्तिमा एक बर्षको लागि वा बहुबर्षीय अवधिको लागि हुनेछ।

(३) एक बर्ष भन्दा बढी अवधिको लागि ठेक्का लगाउँदा नगरपालिकाको आन्तरिक आय वृद्धि हुने देखिएमा वा ठेक्का लिनेले निर्माण तथा उत्पादन गरि बिक्री गर्न एक बर्ष भन्दा बढी समय लाग्ने भएमा वा पटक-पटक ठेक्का लगाउँदा नगरपालिकाको प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा तीन बर्षका लागि कार्यपालिकाबाट निर्णय गरि एकैपटक आय ठेक्का बन्दोबस्त गर्न सक्नेछ।

(४) नगरपालिकाको निर्णयद्वारा नयाँ प्रविधि प्रयोग गरि वा आफूसँग विशेषज्ञता नभएको कार्यका लागि आय ठेक्का लगाउँदा अधिकत्तम एक बर्षसम्म परीक्षणका लागि आय ठेक्काको बन्दोबस्त गर्न

सक्नेछ।

४. **<u>न्यूनतम ठेक्का अङ्क कायम गर्नुपर्ने:</u>** (१) नगरपालिकाले आय ठेक्का लगाउनु अघि बार्षिक रुपमा प्राप्त हुने आम्दानीको अनुमानित आयको प्रक्षेपण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आय प्रक्षेपण गर्दा राजश्व उपशाखाले देहायको कुराको अध्ययन तथा विश्लेषण गर्नु पर्नेछः

(क) साधन स्रोतको उपलब्धता,

(ख) साधन स्रोतको परिचालन क्षमता,

(ग) बार्षिक शुल्क, दस्तुर वा विक्री दरबाट प्राप्त हुने रकम,

(घ) निर्माण गर्नुपर्ने भए निर्माण कार्य सम्पन्न गर्न लाग्ने समय र लागत,

(ङ) ठेक्का लिने पक्षको व्यवसायिक मुनाफा,

(च) चालु आर्थिक बर्षको ठेक्का अङ्क,

(छ) हालको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन संरचना सहितको अङ्क ।

(३) उपदफा (२)को आधारमा बार्षिक प्राप्त हुने आयको प्रक्षेपण उपशाखा आफैले वा स्वतन्त्र बाह्य परामर्शदाता नियुक्त गरि गर्न सक्ने छ ।

(४) उपदफा (३) बमोजिमको आय प्रक्षेपण गरे पश्चात् स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा आयको न्यूनतम ठेक्का अङ्क (थ्रेसहोल्ड) कायम हुनेछ ।

५. **<u>कार्ययोजना तयार गर्नुपर्ने:</u>** आय ठेक्का प्रक्रिया सुरु गर्नु पूर्व ठेक्का प्रक्रियाको अवधि, आय असुली तालिका र आय ठेक्काको बार्षिक किस्ता रकम दाखिला तालिका समेतको कार्ययोजना उपशाखाले तयार गर्नेछ । त्यस्तो तालिका र कार्ययोजना आय बन्दोबस्त सम्झौताको अभिन्न अङ्ग हुनेछ ।

६. **<u>आय ठेक्कासम्बन्धी कागजात तयार गर्नुपर्ने:</u>** (१) दफा (४) र (५) को कार्य सम्पन्न भएपश्चात पूर्वाधार विकास शाखाले आय ठेक्का सम्बन्धी

कागजात तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कागजात तयार गर्दा न्यूनतम ठेक्का अङ्क, ठेक्काका सामान्य तथा विशेष सर्तहरु, सूचनामा उल्लेख गरिनु पर्ने विषय तथा अन्य आवश्यक विवरणहरु समेत समावेश गरि प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कागजात स्वीकृत भए पश्चात पूर्वाधार विकास शाखाले आय ठेक्का प्रक्रिया अघि बढाउनेछ ।

(४) बोलपत्रमा अन्य व्यवस्थाका अतिरिक्त मूल्याङ्कनका आधारहरु, प्रस्ताव बापतको जमानत, कार्य सम्पादन जमानत, आशय र सम्झौताको अवधि आय ठेक्का प्रस्ताव तयार गर्दा सम्बन्धित शाखाले समावेश गरि प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ ।

७. **आय ठेक्काका लागि सूचना प्रकाशन गर्ने:** आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त, गत आ.व. सम्मको कर चुक्ता गरेको प्रमाण-पत्र, नगरपालिकालाई तिर्नु/ बुझाउनु पर्ने कुनै कर तथा दायित्व बाँकी नरहेको र कालो सूचीमा नपरेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले प्रतिस्पर्धा गर्न पाउने गरी आय ठेक्काको सूचना प्रकाशित गर्नु पर्नेछ ।

८. **आय ठेक्का सम्बन्धी प्रक्रिया पूरा गर्नुपर्ने:** (१) दफा ७ बमोजिम सार्वजनिक सूचना प्रकाशित गर्दा नगरपालिकाले आय ठेक्का लगाउने अनुमानित रकम अङ्क बीस लाख रुपैयाँ सम्मको भए स्थानीय पत्रिकामा कम्तिमा पन्ध्र दिनको, बीस लाख रूपैयाँ देखि पचहत्तर लाख रूपैयाँ सम्मको एक्काईस दिनको राष्ट्रिय स्तरको दैनिक पत्रिका र सो भन्दा बढी जतिसुकै रकमको कम्तिमा तीस दिनको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सूचनामा अन्य आवश्यक कुराका अतिरिक्त देहायका कुराहरु समेत खुलाउनु पर्नेछः

(क) साविकमा ठेक्का लगाएको भए सोको विवरण,

(ख) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(ग) स्रोतगत र स्थानगत आय संकलन गर्नुपर्ने भएमा सोको विवरण,

(घ) सम्झौता बमोजिमको आय बुझाउनु पर्ने समय र छुट तथा सञ्चालन खर्च दिने सर्त भए सो कुरा,

(ङ) प्रस्ताव फाराम प्राप्त हुने स्थान,

(च) प्रस्ताव पठाउने तरिका,

(छ) प्रस्ताव बापत लाग्ने दस्तुर र प्रस्ताव जमानत,

(ज) प्रस्ताव दाखिला गर्नुपर्ने अन्तिम मिति र समय,

(झ) प्रस्ताव खोलिने समय, मिति र स्थान,

(ञ) कार्यसम्पादन जमानत बापत राख्नुपर्ने रकम र बैङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(ट) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र प्राप्त, गत आ.व. सम्मको करचुक्ता गरेको प्रमाण-पत्र, नगरपालिकालाई तिर्नु/बुझाउनु पर्ने कुनै कर तथा दायित्व बाँकी नरहेको र कालो सूचीमा नपरेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले प्रस्ताव पेश गर्न सक्ने ब्यहोरा,

(ठ) अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई आधार मान्ने ब्यहोरा,

(ड) अन्य आवश्यक कुराहरु ।

(३) उपदफा (२) को खण्ड (छ) बमोजिम प्रस्ताव फारामको दस्तुर नगरपालिकाले तोके बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान गर्दा कुनै प्रस्ताव हुन नआएमा वा रीतपूर्वकको एउटा पनि प्रस्ताव प्राप्त हुन नआएमा वा अनुमानित ठेक्का अङ्कभन्दा कम कबोल अङ्कको प्रस्ताव भएमा सुरु सूचना म्यादको कम्तिमा आधा समय उल्लेख गरि पुनः सूचना प्रकाशन गरि प्रस्ताव आव्हान गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको सूचना प्रकाशन गर्दा कुनै प्रस्ताव नपरेमा कम्तीमा सात दिनको समय दिई उपदफा (२) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरि सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नुपर्ने छ । तर यसरी सूचना प्रकाशन गर्दा ठेक्का शर्त तथा ठेक्का परिमाण तथा ठेक्काको न्यूनतम अङ्कमा राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले संशोधन गर्न आवश्यक देखेमा संशोधन गरी न्यूनतम कबोल अंक कायम गर्न सक्नेछ ।

(क) बढाबढ हुने नगरपालिकाको कार्यालय वा अन्य कुनै स्थान,

(ख) बढाबढ हुने समय र मिति,

(ग) अन्य आवश्यक कुराहरू ।

(६) उपदफा (१) र (५) बमोजिम प्रकाशित सूचना बमोजिम प्रस्ताव दिने वा बढाबढमा भाग लिने व्यक्ति/फर्म/कम्पनीले आफुले कबोल गरेको अङ्कको कम्तीमा दश प्रतिशत रकम नगरपालिकाले तोकेको बैङ्कमा प्रस्ताव बापतको जमानत रकम जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्ने छ ।

(७) यस कार्यविधि बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (६) बमोजिम राखिएको जमानतबापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको प्रस्ताव वा बढाबढ प्रक्रियामा भाग लिने कुनै व्यक्तिको प्रस्ताव अस्वीकृत भएमा सो अस्वीकृत भएको मितिले ३५ दिनभित्र सम्बन्धित व्यक्ति/फर्म/कम्पनीलाई फिर्ता गर्नुपर्ने छ ।

(८) यस कार्यविधिमा उल्लेख भएको प्रक्रिया पुरा नभई प्राप्त भएका प्रस्ताव वा बढाबढमा भाग लिने व्यक्ति, फर्म वा कम्पनीबाट पेश गर्नुपर्ने कागजातहरु समय भुक्तान भई आएमा वा सूचनामा उल्लेख भए बमोजिमका शर्त पुरा नगरी प्राप्त भएमा त्यस्ता प्रस्ताव वा बढाबढ उपर कुनै कारवाही गरिने छैन ।

(९) उपदफा (५) बमोजिमको सार्वजनिक बढाबढको सूचना

प्रकाशन गर्दा समेत कुनै पनि व्यक्ति/ फर्म/ कम्पनी बढाबढमा भाग लिन नआएमा स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयद्वारा सिधै अमानतमा बिक्री गर्न सकिनेछ ।

९. **प्रस्ताव खोल्नुपर्नेः** (१) नगरपालिकाले कार्यालयमा प्रस्ताव पेश गर्न तोकिएको अन्तिम दिनको समय भुक्तान भए पश्चात् प्राप्त सिलबन्दी प्रस्तावहरु प्रस्तावदाता/ प्रतिनिधिको रोहवरमा खोली मुचुल्का बनाई राख्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव खोल्ने दिन प्रस्तावदाता/ प्रतिनिधि उपस्थित नभएको कारणले प्रस्ताव खोल्न बाधा पुगेको मानिने छैन ।

१०. **प्रस्तावको मूल्याङ्कन गर्नुपर्नेः** (१) प्राप्त प्रस्ताव वा बढाबढको मूल्याङ्कन गरी प्रतिवेदन सहित सिफारिस गर्न नगरपालिकाको सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिमको मूल्याङ्कन समितिमा पेश गर्नुपर्ने छ । उक्त मूल्याङ्कन समितिमा राजश्व उपशाखाका शाखा प्रमुख र आय ठेक्का लगाउनु पर्ने विषय वा कार्यक्षेत्रसँग सम्बन्धित शाखा प्रमुखलाई समितिको सदस्यमा आमन्त्रित गर्नुपर्ने छ ।

(२) उपदफा (१)बमोजिमको मूल्याङ्कन समितिले प्राप्त प्रस्तावको यथाशिघ्र मूल्याङ्कन गरि सिफारिस सहितको प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्ने छ ।

(३) यस दफा बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा ठेक्काका शर्तहरु पूरा गरि प्राप्त भएका प्रस्तावहरु मध्ये सबैभन्दा बढी अङ्क कबोल गर्ने प्रस्तावदाताको प्रस्तावलाई स्वीकृतीका लागि मूल्याङ्कन समितिले सिफारिस गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम प्रस्तावको मूल्याङ्कन पश्चात् स्वीकृतीको लागि छनौट भएको प्रस्तावदातालाई ७ (सात) दिनको अवधि तोकी प्रस्ताव स्वीकृत गर्ने आशयको सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने

छ । आशयको म्याद समाप्त भएको १५ दिन भित्र प्रस्ताव स्वीकृत गरी आय ठेक्का सम्झौता गरि सक्नु पर्नेछ ।

(५) अन्य कारणले उपदफा (४) मा उल्लेखित अवधि भित्र सम्झौता गर्न सक्ने अवस्था नभएमा आधार र कारण खोली प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ ।

(६) आय ठेक्काको शर्त भित्र संरचना निर्माण गर्नुपर्ने भए सोको डिजाईन, स्पेसिफिकेसन, कार्य क्षेत्रगत शर्तहरुमा उल्लेख भए/नभएको परीक्षण गर्नु पर्नेछ ।

(७) मूल्याङ्कन समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मूल्याङ्कन समितिले राजश्व तथा आयसँग सम्बन्धित सरकारी वा गैरसरकारी क्षेत्रका विशेषज्ञ वा जानकारलाई विषय विज्ञका रुपमा बैठकमा आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ ।

(ख) आय ठेक्काको मूल्याङ्कनका लागि परामर्शदाताको सहयोग आवश्यक भएमा स्वीकृत कार्यक्रम र बजेटको अधिनमा रही सार्वजनिक खरिद ऐन तथा नियमावलीको कार्यविधि अपनाई परामर्शदातालाई नियुक्त गर्न सक्ने छ ।

(ग) मूल्याङ्कन समितिलाई आय प्रस्ताव मूल्याङ्कन गर्ने काममा आफुलाई सहयोग गर्न राजश्वसँग जानकार व्यक्तिहरूको उपसमिति गठन गर्न सक्ने छ ।

(घ) मूल्याङ्कन समितिका सदस्य-सचिवले समितिको बैठकको निर्णय पुस्तिका तयार गरि राख्नुपर्ने छ र समितिमा छलफल भएका सम्पूर्ण विषयको फाइल खडा गरि राख्नुपर्ने छ ।

(ङ) मूल्याङ्कन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने छ ।

११. **<u>अङ्क र अक्षरमा फरक परेमाः</u>** (१) कुनै प्रस्तावदाताले पेश गरेको प्रस्तावमा अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई आधार मानेर मूल्याङ्कन

गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको ब्यहोरा प्रस्ताव कागजात र सार्वजनिक सूचनामा पनि उल्लेख गर्नु पर्नेछ।

परिच्छेद - ३
आय ठेक्का स्वीकृति तथा कबुलियनामा सम्बन्धी व्यवस्था

१२. **आय अनुमान स्वीकृत गर्ने:** (१) नियम बमोजिम तयार भएको आय ठेक्काको आय अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनुपर्ने छ ।

(क) बार्षिक तीन करोड सम्मको प्रमुख प्रशासकीय अधिकृतबाट

(ख) बार्षिक तीन करोडभन्दा बढीको नगर प्रमुखबाट

१३. **आय ठेक्का स्वीकृत गर्ने:** (१) आय ठेक्काको स्वीकृती देहाय बमोजिम हुनेछः

(क) पाँच करोड सम्मको बोल कबोल भएको प्रमुख प्रशासकीय अधिकृतबाट,

(ख) पाँच करोड भन्दा माथिको बोलकबोल भएको नगर प्रमुखबाट,

(२) नगरपालिकाको सम्पत्ति प्रयोग गरी दीर्घकालिन असर पर्ने खालको संरचना तयार गरी आय आर्जन गर्ने प्रकृतिको आय ठेक्काको स्वीकृती कार्यपालिकाबाट गर्नु पर्नेछ ।

परिच्छेद - ४
पुनरावलोकन सम्बन्धी व्यवस्था

१४. **पुनरावलोकनको निवेदन दिन सकिने:** (१) नगरपालिकाले दफा १० को उपदफा (४) बमोजिम आय ठेक्का स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको ७ दिन भित्र कुनै प्रस्तावदाताले पुनरावलोकन गरी पाउँ भनी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा ५ दिन भित्रमा प्रमुख प्रशासकीय अधिकृतले पुनरावलोकनको निर्णय गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको निवेदन नपरेमा यस कार्यविधि बमोजिम छनौट भएको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी १५ दिन भित्रमा आय सम्झौता गर्नका लागि आय जमानत दाखिला गर्न सूचना दिनु पर्नेछ ।

परिच्छेद - ५

आय ठेक्का सम्झौता सम्बन्धि व्यवस्था

१५. **आय जमानत पेश गर्नुपर्नेः** (१) सम्झौता गर्नुपूर्व बोलपत्रदाताले आय ठेक्का रकमको शतप्रतिशत बैंक ग्यारेन्टी वा नगदै नगरपालिकाले तोकेको बैकमा जम्मा गर्नुपर्ने छ ।

(२) आय ठेक्का जमानत नगदै धरौटी राख्ने प्रस्तावदाताले सम्झौता बमोजिमको कार्यतालिका बमोजिम निजले धरौटीबाट नै कट्टा गर्न चाहेमा र धरौटी रकमबाट कट्टा गर्दा पुग्ने भएमा कट्टा गर्न सकिने छ। तर धरौटीबाट कट्टा गर्ने वा नगर्ने भन्ने विषय नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

१६. **पट्टा दिने र सम्झौता/ कबुलियत गराउनेः**

(१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने अधिकारीले सात दिन भित्र सो कुराको सूचना बोलपत्रवालालाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना जारी गर्दा बाटोको म्याद बाहेक सात दिनको म्याद दिई सो म्याद भित्र आफ्नो कबुल बमोजिम

सम्झौता गर्न नआएमा त्यस पछिको बोलपत्रवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनु पर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझी नलिएमा स्थानीय वडा सदस्य एक जना समेत स्थानीय चार जनालाई साक्षी राखी सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा वा निजको इमेल ठेगानामा पठाएमा पनि सो सूचना प्राप्त भएको मानिनेछ ।

तर, यस्तो सूचना कुनै स्थानीय वा राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई सम्झौता गर्न मञ्जुर गरे प्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरून्त कबुलियत गराई निजलाई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जुर नगरेमा निजको धरौटी जफत गरी निज पछिको दोस्रो, तेस्रो क्रमशः अरू बोलपत्रवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का बन्दोबस्त गर्दा नगरपालिकाले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने उक्त ठेक्का रद्द गरी राजश्व परामर्श समितिको सिफारिसमा निर्णय गरी पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) नगरपालिकाले संयुक्त रूपमा आह्वान गरेको बोलपत्र वा बढाबढ स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा बोलाइएको पन्ध्र दिन भित्र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । स्थानीय तहको संयुक्त समितिले पनि यसरी

पेश भएको सात दिन भित्र बोलपत्र स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्नेछ । सो म्याद भित्र पेश नगरेको वा निकासा नदिएको कारणले स्थानीय तहलाई कुनै हानी नोक्सानी भएका जसको ढिलाई वा लापरवाहीले गर्दा म्याद भित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असुल उपर गरिने छ ।

(५) बोलपत्र स्वीकृत भए पछि त्यस्तो बोलपत्रदाताले स्वीकृत ठेक्का अङ्कको मूल्य अभिवृद्धि कर सहितको ५० प्रतिशत रकम नगदै नगरपालिकाले तोकेको बैंकमा दाखिला गर्नु पर्नेछ र बाँकी ५० प्रतिशत रकम मूल्य अभिवृद्धि कर सहित नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकमा ठेक्का अवधि र थप दुई महिनाको अवधिभर म्याद भएको (बहुवर्षिय ठेक्काको हकमा कम्तीमा १ वर्ष) परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भए पछि सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूची - १ बमोजिम ठेक्का सम्झौता गराई अनुसूची - २ बमोजिमको पट्टा वा चलन पुर्जी दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम ठेक्का सम्झौता गर्दा प्रचलित कानुनले तोकेको शर्त खुलाई नेपाली भाषामा गर्नुपर्ने छ । यदि सम्झौताको पक्ष विदेशी भएमा वा आय ठेक्का अन्तर्राष्ट्रिय स्तरको प्रस्ताव आह्वान गरी भएको अवस्थामा भने नेपाली र अंग्रजी दुवै भाषामा गर्न सकिनेछ ।

(७) बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्याद भित्र बोलपत्र वा डाँकवालाले पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले उपदफा (५) बमोजिम राखेको जमानत जफत भई नगरपालिकाको सञ्चित कोषमा दाखिला हुनेछ ।

१७. **प्रस्ताव मान्य हुने अवधिः** (१) नगरपालिकाले प्रस्ताव सम्बन्धि कागजातमा प्रस्ताव मान्य हुने अवधि उल्लेख गर्दा देहाय बमोजिमको अवधि उल्लेख गर्नुपर्ने छः

(क) बीस लाख रूपैयाँ सम्म न्यूनतम अङ्क कायम भएको प्रस्तावको लागि प्रस्ताव बुझाउन तोकिएको अन्तिम मितिबाट पचहत्तर दिन ।

(ख) बीस लाख रूपैयाँ देखि एक करोड रूपैयाँ सम्म न्यूनतम अङ्क कायम भएको बोलपत्रको लागि प्रस्ताव बुझाउन तोकिएको अन्तिम मितिबाट एक सय बीस दिन ।

(ग) एक करोड रूपैया भन्दा जतिसुकै बढी न्यूनतम अङ्क कायम भएको बोलपत्रको लागि प्रस्ताव बुझाउन तोकिएको अन्तिम मितिबाट एक सय पैतालिस दिन ।

(२) कुनै कारणवश उपदफा (१) बमोजिमको म्याद भित्र आय ठेक्काको सम्झौता गर्न नसकेमा रित पुगेका सबै प्रस्तावदाताहरुलाई प्रस्तावको मान्य हुने अवधि थप गर्न पत्र पठाउनुपर्ने छ । यसरी म्याद बढाउँदा जमानतको अवधि थप गराएका बोलपत्रहरुलाई मात्र मान्यता दिईने छ ।

१८. **आय ठेक्का रकमको किस्ता बुझाउने तरिकाः** (१) प्रस्तावदाताले नगरपालिकालाई तिर्नु/ बुझाउनु पर्ने आय रकम सम्झौतामा उल्लेख भए बमोजिम अग्रिम रुपमा बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अग्रिम रुपमा बुझाउनु पर्ने आय रकमको किस्ता नबुझाएमा सम्झौता भङ्ग भएको मानी बुझाउनु पर्ने आय किस्ता असुलीको कारवाही अगाडी बढाउने छ र अर्को ठेक्का प्रक्रिया तत्काल अगाडि बढाउनु पर्नेछ ।

(३) सम्झौता बमोजिम बार्षिक रुपमा नगरपालिकालाई तिर्नु/ बुझाउनु पर्ने किस्ता रकम अग्रिम रुपमा बुझाएमा किस्ता रकमको दश प्रतिशत सम्म नगर कार्यपालिकाबाट निर्णय भए बमोजिम छुट हुनसक्ने छ । यसरी उपलब्ध हुने छुटको प्रतिशत प्रस्ताव सम्बन्धी कागजातमा नै उल्लेख गरेको हुनु पर्नेछ ।

१९. **आय ठेक्का रद्द हुन सक्ने:** (१) आय ठेक्काको सम्झौतामा उल्लेखित कुनै शर्तको बर्खिलाप हुने कुनै कार्य गरेमा वा त्यस्तो शर्त बमोजिम गर्नुपर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम एक पटक सम्झौता भईसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै जिम्मेवारीबाट अलग हुन वा ठेक्का छोड्न हुँदैन ।

(२) कुनै प्रस्तावदाताले नगरपालिकाले तोकेको दर भन्दा बढी दरमा रकम असुल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुबाट रकम असुल गरेमा त्यस्तो रकम नगरपालिकाले सम्बन्धित व्यक्तिलाई फिर्ता गरि सोही रकम बराबरको जरिवाना थप गरि ठेक्का व्यवसायीबाट त्यस्तो रकम असुल उपर गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिमको कार्य पुन: दोहोरिएमा त्यस्तो ठेक्का व्यवसायीसँगको ठेक्का रद्द गर्दा पनि नयाँ ठेक्का लगाउँदा लागेको रकम असुल उपर नभएमा सरकारी बाँकी सरह असुर उपर गरि ठेक्का व्यवसायीको नाम कालोसूचीमा राखी अन्य स्थानीय तहहरु र सङ्घीय तथा प्रदेश सरकारलाई समेत त्यस्तो ठेक्का व्यवसायीको विवरण उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक बर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त

भएमा कार्यपालिकाको निर्णयानुसार साबिकको ठेक्काको दर र असुली कार्यतालिका बमोजिम रकम असुल गर्ने गरि ठेक्का दिन सकिने छ ।

(५) उपदफा (३) बमोजिम ठेक्का रद्द भएकोमा त्यसबाट नगरपालिकालाई भएको नोक्सानी रकम नगरपालिकाले ठेक्का व्यवसायीबाट फिर्ता लिनुपर्ने बाँकी भएमा त्यसको दश प्रतिशत ब्याज समेत सो ठेक्का व्यवसायीले राखेको जमानतबाट असुल गर्नुपर्ने छ । सो बाट असुल नभए निजबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ । तर आफ्नो काबु बाहिरको परिस्थिति परि ठेक्का व्यवसायीले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने आर्थिक ऐनको व्यवस्था बमोजिम असुल गर्नुपर्ने रकम मध्ये उपयुक्त रकम छुट दिन सक्ने छ ।

(६) नगरपालिकाले ठेक्का बन्दोबस्त गरि ठेक्का व्यवसायीसँग गरेको सम्झौतामा उल्लेखित कुनै शर्तको उल्लङ्घन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनु भन्दा अगावै ठेक्का छुटाएमा नगरपालिकाले त्यसबाट ठेकेदारलाई भएको हानी नोक्सानी बेहोर्नुपर्ने छैन ।

२०. **बाँकी बक्यौता रकम असुल गर्नुपर्नेः** (१) नगरपालिकाले विभिन्न कारणबाट असुल हुन नसकी रहेको बक्यौता रकम असुल गर्न बक्यौता असुली कार्ययोजना बनाई रकम असुल उपर गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम असुल गर्नुपर्ने रकम असुलीको लागि नगरपालिकाले तोकिएको मिति सम्म बुझाउनुपर्ने रकम दाखिला गर्नु भनि पत्राचार गर्नुपर्ने छ ।

(३) पत्राचार गरिएको समय सिमा भित्र रकम दाखिला नगरेमा निजले गरिरहेको कार्य तत्काल बन्द गर्न लगाई भौतिक सम्पत्ती भए सो स्थान सिलबन्दी गर्नु पर्नेछ र सो कार्यको लागि नगर प्रहरी बल, स्थानीय

प्रशासन, नेपाल प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत नगरपालिकाले सहयोग लिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम सहयोग प्राप्त भई बक्यौता रकम असुली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई नगरपालिकाले कार्यपालिकाको निर्णयानुसार तोकिएको रकम पुरस्कार तथा सम्मान स्वरुप उपलब्ध गराउन सक्नेछ ।

(५) उपदफा (१), (२) र (३) बमोजिमको प्रक्रियाबाट पनि रकम असुल उपर हुन नसकेमा नगरपालिकाले सरकारी बाँकी सरह रकम असुल उपर गर्नु पर्नेछ ।

परिच्छेद - ६

नदीजन्य पदार्थको संकलन, उत्खनन र बिक्री

२१. **उत्खनन वा संकलनको लागि क्षेत्र निर्धारणः** (१) नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा संकलन गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछः

(क) नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरू,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुन सक्ने अवस्था सिर्जना भई प्राविधिक टोलीको सिफारिसका आधारमा जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिद्धारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनि विस्तृत विवरण तथा सीमाङ्कन सहित तोकेका स्थलहरू,

(ग) निजी जग्गाबाट उत्खनन गरी ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न प्रचलित कानून बमोजिम अनुमति प्रदान गरिएको क्षेत्र ।

(घ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन र निर्माण सामाग्री आपुर्तिको लागि तोकिएको क्षेत्र ।

२२. **नदीजन्य पदार्थको संकलन, उत्खनन र बिक्रीः** (१) नगरपालिकाले नदीजन्य पदार्थको संकलन, उत्खनन र बिक्री गर्दा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) प्रत्येक वर्ष ठेक्का बन्दोबस्त गर्नु पूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अद्यावधिक गरी पुनः यकिन गर्नु पर्नेछ ।

(३) नदीजन्य पदार्थको संकलन, उत्खनन र बिक्री कार्यको ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-३ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोबस्त गर्नु पर्नेछ ।

(४) नदीजन्य पदार्थ उत्खनन गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नु पर्नेछ ।

तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सीमा भित्र रही गर्नुपर्नेछ साथै विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नु पर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति लिनु पर्नेछ ।

(५) उत्खनन तथा संकलन स्थलसम्म जाने र फर्कने मार्ग नगरपालिकाले तोक्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम तोकिएको मार्गमा उत्खनन तथा संकलनका लागि साधन सहित प्रवेश गर्दाका बखत अनुसूची - ४ बमोजिम प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख समेत राख्नु पर्नेछ ।

(७) उत्खनन गरिसके पछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नु पर्नेछ ।

(८) घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँच सय मिटर दुरी भित्रको नदी, सडक नदी, सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँच सय मिटर माथिकत्र नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न पाइने छैन ।

(९) उत्खनन्, संकलन वा ढुवानीकर्ताले उत्खनन, संकलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची-५ (क) बमोजिम र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची-५ (ख) बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(१०) नगरपालिकाले ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् कार्य यस कार्यविधि, ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न कार्यदल गठन गर्नु पर्नेछ र सो कार्यदलले अनुसूची-६ बमोजिम चेकलिष्ट बनाई नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(११) अनुगमनका क्रममा ठेक्काका शर्त उल्लङ्घन गरेको वा राजश्व छली गरी उत्खनन् तथा ओसार पसार गरेको पाइएमा त्यस्तो संकलनकर्ता, उत्खननकर्ता र ढुवानीकर्तालाई अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्ने निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गर्न सक्नेछ ।

(१२) उपदफा (११) बमोजिम जफत गरिएको मालवस्तु नगर कार्यपालिकाको कार्यालयले प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी स्थानीय सञ्चित कोषमा आम्दानी जनाउनेछ ।

(१३) नदीजन्य पदार्थको संकलन, उत्खनन र बिक्री सम्बन्धि अन्य व्यवस्था ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम हुनेछ ।

२३. **<u>ठूला, रूपान्तरणकारी राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनाको लागि विशेष व्यवस्थाः</u>** (१) ठुला रूपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरूका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित आयोजनाहरूलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी नियमानुसार शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामाग्री संकलनको व्यवस्था गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउनु परेमा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिवद्धता, आयोजना सञ्चालन

गर्ने सम्बन्धि सम्झौता लगायतका कागजातको आधारमा नगरपालिकाले शुल्क वा दस्तुर लिई त्यस्तो नदीजन्य पदार्थ उपलब्ध गराउन सक्नेछ र यस दफा बमोजिम प्राप्त गरेको ढुङ्गा, गिट्टी, बालुवा सम्बन्धित आयोजना बाहेक अन्य आयोजनामा प्रयोग गर्न पाइने छैन ।

परिच्छेद - ७

विविध

२४. **विवरण माग गर्नुपर्ने:** नगरपालिका अन्तर्गतका शाखा, वडा कार्यालय तथा अन्य एकाईहरुले आफ्नो कार्यालय भवनको केही भागहरु, जग्गा वा अन्य सम्पत्ती आय ठेक्कामा लगाउनु पर्ने भएमा सो सम्बन्धि विवरण हरेक आर्थिक बर्ष समाप्त हुनुभन्दा ३ महिना अघि नै राजश्व प्रशासन उपशाखामा पठाउनु पर्नेछ।

२५. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका कुरा यसै बमोजिम र यसमा नलेखिएका कुराको हकमा प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम हुने छ ।

२६. **अन्य स्थानीय सरकारसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने:** नगरपालिकाले जडीबुटी, कवाडी, जीवजन्तु र नदीजन्य पदार्थ जस्ता लागत न्यूनीकरण, स्रोतसाधनको अधिकतम उपयोग वा प्रभावकारी सेवाप्रवाह हुने देखिएमा अन्य स्थानीय सरकारसँगको साझेदारी वा संयुक्त व्यवस्थापनमा आय ठेक्का लगाउन सकिने छ ।

२७. **बाधा अड्काउ फुकाउने अधिकार:** (१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकालाई हुने छ ।

(२) उपदफा (१) बमोजिमको अधिकारको प्रयोग गर्दा ऐन र यस कार्यविधिको मूलभूत कुरालाई असर नपर्ने गरि मात्र गर्न सकिने छ।

२८. **<u>खारेजी र बचाउः</u>** यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

२९. **<u>संशोधनः</u>** यो कार्यविधिको कार्यान्वयनको सम्बन्धमा कुनै बाधा, अड्काउ परेमा नगरपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

अनुसूची - १
(दफा १६ को उपदफा (५) सँग सम्बन्धित)
ठेक्का सम्झौता/ कबुलियतनामा फाराम

लिखितम् ....को नाति...............को छोरा ....बस्ने बर्ष..........को आगे तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिम क्षेत्रमा नगरपालिकाको रकम ठेक्का बन्दोबस्त गर्ने गरि यस नगरपालिकाबाट आह्वान गरिएको मिति .... सूचना नं. .... अनुसार तपाई समेतले दिन भएको प्रस्ताव/बढाबढको ब्यहोरा पेश हुँदा आर्थिक बर्ष .... को रु. .... मा ठेक्का दिने गरि तपाईसँग ठेक्का बन्दोबस्त गर्न मिति .... मा यस नगरपालिका .... बाट निर्णय भएको हुँदा सो निर्णयानुसार तपसिलको शर्त, बन्देज तथा दायित्व बमोजिमका स्रोतबाट तपसिल बमोजिमको क्षेत्रमा नगरपालिकाको तर्फबाट आय संकलन गर्ने ठेक्काको कबुलियत गर्न मन्जुरी भई आउनु भएको हो/ होईन भनी आज मलाई यस नगरपालिकाबाट सोधनी हुँदा मेरो चित्त बुझ्यो । यसमा तपसिलमा लेखिएको शर्त बमोजिम कामकाज गर्ने गरि कबुलियत गर्न मन्जुरी भई उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी तपसिलमा लेखिए बमोजिमको मिति भित्र नगरपालिकालाई .... किस्ताको रकम/एक मुष्ट रु. .... बुझाई मिति .... देखि मिति .... सम्म .... आर्थिक बर्षको निमित्त ठेक्का कार्यान्वयन गर्ने छु । पछि मैले कुनै कुरामा उजुरबाजुर गर्ने गराउने छैन, गरे/गराएमा यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी राजीखुसीसँग रकम चलनको कबुलियत लेखि लेकवेशी नगरपालिका, सुर्खेतमा चढाएँ ।

तपसिल

१. आर्थिक बर्ष .... को रु. ...., आर्थिक बर्ष .... को रु. ...., आर्थिक बर्ष .... को रु. .... समेत गरी जम्मा रु. ....को ठेक्का रकम प्रति किस्ता रु. .... का दरले जम्मा .... किस्तामा देहायको म्यादभित्र किस्ता रकम बुझाउने गरी .... साल .... गते देखि .... सालसम्म प्रचलित कानुनको अधिनमा रही लेकवेशी नगरपालिकाको आय संकलन गर्नेछु ।

२. उक्त आय संकलनका गर्नका निमित्त नगरपालिकाको क्षेत्र भित्रका यसैसाथ संलग्न सूचीका मालवस्तु/ सेवामा सोही सूचीमा तोकिएको दरमा सेवा शुल्क संकलन/ विक्री गरि आय संकलन गरी लेकवेशी नगरपालिकालाई किस्ता रकम बुझाउने छु । यसरी आय संकलन गर्दा सेवाग्राहीलाई दिईने भरपाई रसिद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्ने छु ।

३. आय संकलन गर्ने लेकवेशी नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको सेवा शुल्क वा दैदस्तुर इत्यादि लगाई लिइने छैन र यस नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरि आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असुलउपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको नगरपालिकाबाट अनुगमन हुँदा पाइएमा नियमानुसार कारवाही र सजाय भएमा मलाई मन्जुर छ ।

४. यस सम्झौता/ कबुलियतनामाको बर्खिलाप कामकाज गरेको वा तोकिएको दरमा फरक पारी बिक्री मूल्य वा शूल्क असुल गरेको ठहरे ठेक्का तोडी मेरो कम्पनीको नाम कालो सूचीमा राखी, त्यसबाट यस नगरपालिकालाई

हुन जाने नोक्सानीको सम्पूर्ण रकम मैले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरेमा मेरो मञ्जुरी छ ।

५. यो आय संकलन ठेक्का कबुलियत गरी चलनपूर्जी लिनको लागि कुल ठेक्का अङ्क रु. .... बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैङ्कको मिति .... सम्म म्याद रहेको परफरमेन्स वण्ड/ लेकवेशी नगरपालिकाको .... बैंकमा रहेको खाता नं. .... मा नगदै दाखिला गरेको बैंक भौचर संलग्न गरेको छु ।

६. अन्य शर्तहरू:

६.१. सवारी साधनहरूसँग तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानून अनुसार कारवाही हुनेछ । ठेकेदारले तोकिए बमोजिम कर लाग्ने वस्तुहरू र तिनीहरूको दर स्पष्ट देखि गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ । ठेक्का रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको सम्पूर्ण दायित्व ठेकेदारको नै हुनेछ । यस कारोवार गर्दा बालश्रमको प्रयोग गर्न पाइने छैन । मजदुरको हकमा नगरपालिकाकाको दररेटमा कम नहुने गरी ज्याला दिनु पर्नेछ ।

६.२. ठेकेदारले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरू आफ्नै तर्फबाट छपाई गर्नु पर्नेछ र सो रसिदहरू नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । साथै उक्त रसिदमा स्थायी लेखा नम्बर उल्लेख गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

६.३. राष्ट्रिय राजमार्ग, सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाइने छैन । साथै राष्ट्रिय राजमार्गबाट न्यूनतम ...... मिटर भन्दा परको दुरीमा मात्र कर उठाउन पाइने छ । सरकारी वा अन्य कुनै कर शुल्क ठेकेदारले आफैले व्यहोर्नु पर्नेछ । साथै स्थानीय स्तरबाट उत्पादित घरायसी प्रयोजनका लागि कृषिजन्य वस्तु तथा सामानहरू (जस्तैः धान, पराल, मकै, मल आदि) ढुवानी गर्दा सवारी कर छुट गर्नु पर्नेछ ।

६.४. ठेक्का अवधि समाप्त भएपछि धरौटी फिर्ता लिन र बैंक ग्यारेन्टी फुकुवा गर्न सम्बन्धित आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र, नागरिकता प्रमाणपत्रको प्रतिलिपी र संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

६.५. बन्द, हड्ताल, विपत्ति वा कुनै पनि कारणले राजश्व उठाउन नपाएको भनि मिनाहाको मागदाबी गर्न पाइने छैन ।

६.६. सरकारी कार्यालयबाट गरिने निर्माण कार्यहरूमा प्रयोग हुने सवारी साधनमा एक सवारी साधनको दिनको एक पटक मात्र कर लिन पाइने छ ।

६.७. मूल्य अभिवृद्धि ऐन, २०५२ को दफा १५(३) बमोजिम बोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडी असुल गरिनेछ । विशेष परिस्थितिमा न.पा. बाट कर छुट गर्न पठाए/ लेखिएमा सो को कार्यान्वयन हुनु पर्नेछ ।

६.८. माथि उल्लेखित शर्तहरूको उल्लङ्घन गरेमा निज ठेकेदारको धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ ।

६.९. यसमा उल्लेख भएका कुराहरूमा यसै बमोजिम र उल्लेखि नभएका कुराहरूको हकमा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

६.१०. ठेकेदार/ निजको वारेस कामदारले कर उठाउँदा अनिवार्य रूपमा परिचय पत्र लगाएर बस्नु पर्नेछ ।

६.११. पार्किङ तथा सरसफाई प्रयोजनका लागि लैजाने खाली सवारी साधन र आफ्नो सवारी साधन निजी प्रयोग गरेको अवस्थामा (व्यवसाय बाहेक) यस नगरपालिका भित्रका व्यक्तिलाई कर लाग्ने छैन।

किस्ताबन्दी विवरण

१. मिति .... गते ठेक्का कबुल भएका जम्मा रू. .... मध्ये पट्टा कबुलियत भएको मिति .... मा पहिलो किस्ता वापत रू. .... र सो मा लाग्ने मुल्य अभिवृद्धि कर रू. .... समेत जम्मा रू. .... मात्र सम्झौताको समयमा बुझाएको ।

२. दोस्रो किस्ता वापत रू. .... र सो मा लाग्ने मुल्य अभिवृद्धि कर रू. .... समेत जम्मा रू. .... मात्र मिति .... गते भित्र लेकवेशी नगर कार्यपालिकाको कार्यालय दाखिला गर्ने छु ।

३. तेस्रो किस्ता वापत रू. .... र सो मा लाग्ने मुल्य अभिवृद्धि कर रू. .... समेत जम्मा रू. .... मात्र मिति .... गते भित्र लेकवेशी नगर कार्यपालिकाको कार्यालय दाखिला गर्ने छु ।

ठेकेदारको तर्फबाटः

नाम थर :

दस्तखत :

ठेगाना :

स्थायी लेखा नम्बर:

ना.प्र.नं.

साक्षीको विवरण :

(१) नाम, थर, ठेगाना र दस्तखत :

(२) नाम, थर, ठेगाना र दस्तखत :

लेकवेशी नगरपालिका राजश्व प्रशासन उपशाखाको तर्फबाटः

कार्यालयको छाप

दस्तखत :

नाम, थरः

पद :

ईति संवत् .... साल ....गते रोज ....शुभम्

अनुसूची - २

(दफा १६ को उपदफा (५) सँग सम्बन्धित)

लेकवेशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः

चलानी नं.: **मितिः**

विषयः पट्टा/ चलन पूर्जी सम्बन्धमा ।

श्री ....

.... ।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम राजश्व संकलन गर्ने प्रयोजनार्थ यस नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित सूचना बमोजिम तपाईले पेश गर्नु भएको दरभाउ पत्रको कबोल अंक स्वीकृत भएको र मिति .... गतेको ठेक्का सम्झौता/ कबुलियतनामामा उल्लेखित शर्तहरूको अधिनमा रही तपसिल बमोजिम कामकाज गर्नु/ गराउनु हुन तपाईलाई यो कार्यदेश दिइएको व्यहोरा जानकारी गराईन्छ ।

तपसिलः

(१) कार्यक्षेत्रः

(२) कार्यविधिः

(३) लेकवेशी नगरपालिकाबाट तोकिएको दररेटमा नबढ्ने गरी कर असुली गर्नु हुन ।

(४) नगरपालिकाबाट प्रदान गरिएको ठेक्का सम्झौता/कबुलियतनामा फाराममा उल्लेखित शर्तहरूको अधिनमा रही कार्य गर्नु पर्नेछ ।

(५) तोकिएको दररेट सरोकारवालाहरूले स्पष्ट रूपमा देख्ने गरी दररेटको सूची सूचनापाटीमा टाँस गर्नु हुन ।

(६) कार्य गर्दा केही अप्ठ्यारो परिस्थित सिर्जना भएमा लिखित रूपमा नगरपालिकामा समयमै सम्पर्क राख्नुहुन ।

....

(   )

बोधार्थः

श्री .... ।

अनुसूची - ३
(दफा २२ को उपदफा (३) सँग सम्बन्धित)

नदी/ खोलाको वातावरणीय अवस्था निरीक्षण चेक लिष्ट

क्र.सं.	विवरण	छ	छैन	कैफियत
१	वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका विषयहरू अनुसारको व्यवस्था			
२	वातावरणीय अध्ययन प्रतिवेदनले संकलन तथा उत्खननको लागि तोकेका क्षेत्रहरू परिवर्तन भएको			
३	ढुङ्गा, गिट्टी, वालुवा, ग्रेगर जस्ता पदार्थको अवस्था परिवर्तन			
४	संकलन, उत्खनन् र ढुवानीको लागि नयाँ प्रावधान आवश्यकता			
५	नदीले वहाव परिवर्तन गरेको			
६	वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका पहिलेको अवस्था			
७	अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याए अनुसार संकलन तथा उत्खनन् गर्न मिल्ने अवस्था			
८	नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था			
९	उत्खनन गरिने परिमाण, चार किल्ला रेखाङ्कन सहितको नाप नक्सा राखेको क्षेत्रको अवस्था यथावत रहेको			
१०	अन्य			

नोटः वातावरणीय अध्ययन प्रतिवेदनसँग आवद्ध रही यो निरीक्षण चेक लिष्टको प्रयोग गर्नु पर्नेछ ।

अनुसूची - ४
(दफा २२ को उपदफा (६) सँग सम्बन्धित)

पटके प्रवेश आदेश

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परिमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

नदी/ खोलाको नामः

नाका वा स्थानको नामः

प्रवेश आदेश मितिः समयः प्रवेश आदेश नं.

नदी प्रवेश आदेश विवरणः

१. ढुवानी गरी लैजाने नाकाको नामः

ठेगानाः सम्पर्क फोन नं.

२. ढुवानी गरिने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः सवारी दर्ता नं.

४. निकाली लैजाने पदार्थको परिमाणः घन फूटः

५. ढुवानी गरी लैजाने स्थानः

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः (जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा ठीक चिन्ह लगाउने)

(क) निजी निर्माण

(ख) सार्वजनिक निर्माण

(ग) प्रशोधन पछि बिक्री

(घ) अन्य (प्रयोजन खुलाउने)

(नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार पसार गर्न र सञ्चय गर्न र सञ्चय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।)

प्रवेश आदेश दिने कर्मचारीकोः

हस्ताक्षरः

नाम, थरः

ठेकेदार वा प्रतिनिधिकोः

हस्ताक्षरः

नाम, थरः

अनुसूची - ५ (क)
(दफा २२ को उपदफा (९) सँग सम्बन्धित)

उत्खननकर्ताले राख्ने दैनिक उत्खनन अभिलेख

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख

नाका वा स्थान भएको खानी वा नदी/ खोलाको नामः

उत्खनन गरिएको नाका वा स्थानको नामः

क्र.सं.	उत्खनन गरिएको मिति	उत्खनन गरिएको परिमाण	उत्खननकर्ता वा प्रतिनिधीको दस्तखत	अनुगमनकर्ताको दस्तखत
१				
२				
३				
४				
५				
६				
७				
८				
९				
१०				

अनुसूची - ५ (ख)
(दफा २२ को उपदफा (९) सँग सम्बन्धित)

दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरिज

नदी/खोला वा खानीको नामः

नाकाको नामः मितिः

क्र.सं.	ढुवानी मिति	पटके बिक्री आदेश नं.	पटके बिक्री भएको परिमाण	बिक्री भएको पदार्थ लैजाने सवारी नं.	कैफियत
१					
२					
३					
४					
५					
६					
७					
८					
९					
१०					

नोटः यो फाराम उत्खनन स्थलबाट प्रत्येक पटक भरी पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रूपमा लेकवेशी नगर कार्यपालिकाको कार्यालयलाई अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

अनुसूची - ६
(दफा २२ को उपदफा (१०) सँग सम्बन्धित)

नगरपालिकाबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट

क्र.सं.	विवरण	छ	छैन	कैफियत
१	मेशिन उपकरणको प्रयोग सम्झौता अनुसार			
२	प्रयोग गर्ने क्षेत्र पालना भएको			
३	संकलन, उत्खनन र ढुवानीको समय पालना भएको			
४	अधिकतम गहिराईको मापदण्ड पालना भएको			
५	निकालिने परिमाण पालना भएको			
६	मुख्य बस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी पालना भएको			
७	स्थानीय सडक देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी पालना भएको			
८	थुपार्ने काम नदी तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको			
९	दैनिक उत्खनन अभिलेख			
१०	दैनिक बिक्री ढुवानी तेरिज			
११	रेखाङ्कन सहितको नाप नक्सा राखेको			
१२	मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध			
१३	उत्खनन स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरेको			
१४	उत्खनन गरिने परिमाण, चार किल्ला, उत्खनन् विधि राखेको			

१५	गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. र सूचना पाटी			
१६	शून्य मौज्दात सम्बन्धी व्यवस्थाको पालना			
१७	ढुवानी र ओसार पसार सम्बन्धी मापदण्डको पालना			
१८	तोकिएको मूल्यको पालना			
१९	अन्य कुनै विषयहरू			

आज्ञाले

बखत बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत